नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८]काठमाडौं,फागुन २८ गते २०२५ साल[अतिरिक्ताङ्क ३२ (क)

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको नेपाल प्रहरी फोर्स (चौथो संशोधन) नियमावली, २०२५ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

नेपाल प्रहरी फोर्स (चौथो संशोधन) नियमावली, २०२५

नेपाल प्रहरी फोर्स नियमावली, २०२५ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल प्रहरी फोस (चौथो संशोधन) नियमावली, २०२५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

२. मूल नियमावलीको परिच्छेद १३ मा नियम ८ ग. थप:— मूल नियमावलीको परिच्छेद १३ को नियम ८ ख. पछि देहायबमोजिमको नियम ८ ग. थपिएको छ:—

८ ग. अधिकार सुम्पने:— श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीद्वारा श्री ५ को सरकारमा निहित अधिकारहरू सोही सूचनामा तोकिएको श्री ५ को सरकारको कुनै कर्मचारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्ने छ ।

आज्ञाले—
उपरथी क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार